# आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली
**मितिः १८ अप्रेल २०२६**

समयः १८:५० - १९:०५ बजे *(अवधि १५ मिनट)*

**प्रमुख समाचार**

- निर्वाचन आयोगले राज्यमा विधान सभा चुनाउ अघि लगभग प्रत्येक मतदान केन्द्र वरिपरि १ सय मीटरको परिधि बनाइने घोषणा गरेकोछ।

- असमका मुख्यमन्त्री तथा भाजपा नेता हिमन्त विश्व शर्माजले आज कालेबुङको गोरुबथानमा चुनावी सभालाई सम्बोधन गर्दै टीएमसी सरकारले गोर्खा समुदायप्रति भेदभाव गरेको आरोप लगाउनुभएको छ।

- प्रधानमंत्री नरेन्द्र मोदीले आज राती आठ बजेर ३० मिनटमा राष्ट्रलाई संबोधित गर्नुहुनेछ।

- भारतीय निर्वाचन आयोग को टोलीले आज खरसाङको धोबीखोलामा रहेको भाजपाको निर्वाचन कार्यालयमा छापा मारी  महिला मतदाताहरूलाई ३,००० रुपैयाँ दिने प्रलोभन देखाइएका प्रचार सामग्री तथा फारमहरू बरामद गरेको छ।

- भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चाले आज मिरिकमा परिवर्तन यात्राको साथमा चुनावी जनसभाको आयोजना गरेको छ।

**पश्चिम बंगाल-निर्वाचन आयोग**

निर्वाचन आयोगले राज्यमा विधान सभा चुमाउ अघि एक अभूतपूर्व पाइला चाल्दै लगभग प्रत्येक मतदान केन्द्रमा वरिपरि एउटा लच्छुमण रेखा तान्ने घोषणा गरेको छ। सेतो चॉकले मतदान केन्द्र वरिपरि १ सय मीटरको परिधि बनाइने छ। यस निर्धारित क्षेत्रमा केवल पंजीकृत मतदाताहरुलाई प्रवेश गरिने अनुमति हुनेछ। सुरक्षालाई सशक्त बनाउनकालागि धेरै स्तरको सत्यापन पनि यस  प्रणालीमे शामेल गरिएको छ। लच्छुमण रेखा बाहिर बूथ स्तरको एक अधिकारी अनि एक सरकारी अधिकारीले पहिला दस्तावेजको जांच गर्नेछन्। लक्ष्मण रेखा भित्र प्रवेश गरे पछि मतदाताहरुको पहिचान पत्रहरुको सत्यापन दुइ अतिरिक्त चरणमा गरिनेछ। यसद्वारा, मतदान गर्न अघि सशक्त अनि कड़ा प्रमाणीकरण सुनिश्चित हुनेछ।

**पश्चिम बंगाल-चुनाव निगरानी**

निर्वाचन आयोगले पश्चिम बंगालमा चुनाव अघि पूर्व तकनीकी रूपले श्रेष्ठ निगरानी प्रक्रिया बढाइदिएको छ। आयोगका सूत्र अनुसार मतदान प्रक्रियालाई पारदर्शी बनाउन तथा कुनै अवांछित घटनाबाट मुक्त राख्नकालागि धेरै नयाँ कदम उठाइएको छ। आयोगले केन्द्रीय बलहरु अनि राज्य पुलिसका माइक्रो ऑब्जर्वर सदस्यहरुलाई बॉडी कैमरा प्रदान गर्ने निर्णय लिएको छ। यी कैमराहरुद्वारा प्रत्येक मिनटको घटनाहरुलाई रिकॉर्ड गरिने सुविधा हुनेछ। आयोगले बताए अनुसार कुनै प्रकारको शिकायत तथा विवाद उत्पन्न भएमा यसको फुटेजको जांच गरिनेछ। निर्वाचन आयोगले सबै संबंधित विधानसभा निर्वाचन क्षेत्रहरुमा सरकारी विभागहरुद्वारा लगाइएको सबै सीसीटीवी कैमरहरुको नियंत्रण आफ्नो अधिकारमा लिने निर्णय गरेको छ। कुनै प्रकारको संदिग्ध गतिविधि भएको स्थितिमा तत्काल कार्यवाही गरिने निर्देश पनि दिइएको छ।

**पश्चिम बंगाल-बीएलओ निलंबित**

निर्वाचन आयोगले पश्चिम बंगालमा विधनसभा चुनाव अघि निष्पक्षतामाथि प्रश्न खड़ा गर्दै पांच बूथ स्तरीय अधिकारीहरुलाई निलंबित गरिदिएको छ। विभागीय जांच बाहेक उनीहरु विरुद्ध प्राथिमिकी दर्ता गर्ने निर्देश पनि दिइएको छ। आयोगका सूत्र अनुसार यी अधिकारीहरुले तथाकथित रूपले एक राजनैतिक दलको लागि काम गरिरहेका थिए। उत्तर 24 परगनाको बारासाट उप मंडल मा  तीन बीएलओलाई निलंबित गरिएको छ। उनीहरुलाई पहिला कारण बताऊ नोटिस जारी गरिएको थियो तर उनीहरुको जवाब संतोषजनक पाइएको थिएन। यसै बीच, बीरभूम जिल्लामा दुबराजपुर अनि मयूरेश्वरमा पनि दुइ बीएलओलाई यस्तै प्रकारको गतिविधिहरुमा शामेल भएको आरोपमा निलंबित गरिएको छ। निर्वाचन आयोगले चुनावी

प्रक्रियामा निष्पक्षता सुनिश्चित गर्नकालागि कड़ा उपाय गर्नमाथि जोड़ दिएको छ।

**चुनाव आयोग - तमिलनाडु-पश्चिम बंगाल**

निर्वाचन आयोगले विधानसभा चुनाव अघि पश्चिम बंगाल अनि तमिलनाडुमा 8 सय 65 करोड़ रुपये भन्दा अधिकको जब्ती गरेको छ। आयोगले बताए अनुसार गत 26 फरवरीमा चुनाव जब्ती प्रबंधन प्रणाली लागू भए पछि पश्चिम बंगालमा नकदी, मदिरा, मादक पदार्थ, अमूल्य धातुहरु अनि निःशुल्क उपहारहरु सहित 4 सय 27 करोड़ रुपियाँ जफ्त गरिएको छ। आयोग अनुसार आदर्श आचार संहितालाई सख्तीसित लागू गर्ने उद्देश्यले त्वरित कार्यवाही अनि निरीक्षणको लागि दुवे राज्यमा 5 हजार भन्दा अधिक फ्लाइंग स्क्वाड टीमहरु अनि पांच हजार तीन सय भन्दा अधिक स्थिर निगरानी टीमहरु तैनात गरिएको छ।

**पश्चिम बंगाल विधानसभा चुनाव प्रचार**

राज्यमा विधानसभा चुनावको पहिलो चरणको लागि प्रचार तिव्र गतिमा चलिरहेको छ। सबै राजनैतिक दलहरुले आ-आफ्ना तरिकाले प्रचार गरिरहेका छन्। भारतीय जनता पार्टी-भाजपाका वरिष्ठ नेताहरुले राज्यका विभिन्न भागहरुमा रैलीहरुलाई संबोधित गरिरहेका छन्। भाजपा अनि विपक्षका नेता शुभेंदु अधिकारी अनि भाजपा नेता दिलीप घोषले रैलीहरुमा शामेल भएका छन। भाजपा, सत्ताधारी तृणमूल कांग्रेस-टीएमसीको कथित कुप्रबंधन अनि भ्रष्टाचारमाथि हमला गरिरहेकाछन्। अर्को तर्फ तृणमूल कांग्रेस अध्यक्ष अनि राज्यको मुख्यमंत्री ममता बैनर्जीले हिज संविधान संशोधन विधेयक पारित नभएको उल्लेख गर्नुहुँदै भाजपालाई विधानसभा चुनावमा पराजयसित जुझ्न पर्ने बताउनुभयो। आज भाजपा नेता अनि मध्य प्रदेशका मुख्यमंत्री मोहन यादवले उत्तर 24 परगना जिल्लाको कमरहट्टीमा पार्टी उम्मीदवारको समर्थनमा प्रचार गर्नुभयो। उहाँले तृणमूल कांग्रेसको शासनमा पश्चिम बंगाल पछाड़िएको आरोप लगाउनुभयो। भाजपा नेता अनि उत्तर प्रदेश का मुख्यमंत्री योगी आदित्यनाथले पनि उत्तर बंगालमा जनसभाहरुमा टीएमसीले पश्चिम बंगालमा भयको वातावरण बनाएको आरोप लगाउनुभयो। भाजपा नेता हिमंता बिस्वा सरमाले आज उत्तर बंगालमा पार्टी उम्मीदवारहरुको समर्थनमा रैलीहरुमा भाग लिनुभयो। तृणमूल कांग्रेस नेता अभिषेक बंद्योपाध्यायले मुर्शिदाबाद जिल्लाको फरक्का मा रोड शो गर्नुभयो। उहाँले भाजपा नेताहरु द्वारा राज्य प्रति कथित उपेक्षालाई लिएर भाजपाको आलोचना गर्नुभयो। कांग्रेस नेता अनि तेलंगाना का मंत्री मोहम्मद अजहरुद्दीन मुर्शिदाबाद अनि मालदा जिल्लाहरुमा जनसभाहरुमा शामेल हुनुभयो। राज्यमा  वामपंथी अनि अन्य दलहरुले पनि चुनाव प्रचार तिव्र पारि रहेका छन्।

**हेमन्त विस्व-बंगाल**

असमका मुख्यमन्त्री तथा भाजपा नेता हिमन्त विश्व शर्माजले आज कालेबुङको भाजपा गठबन्धन उम्मेदवार भारत क्षेत्रीको समर्थनमा गोरुबथानमा चुनावी सभा सम्बोधन गर्नुभयो। आयोजित चुनावी सभालाई सम्बोधन गर्दै श्री शर्माले टीएमसी सरकारले उत्तर बंगाल, विशेष गरी गोर्खा समुदायप्रति भेदभाव गरेको आरोप लगाउनुभएको छ।

***उहाँले भाजपा नेतृत्वमा प्रधानमन्त्री नरेन्द्र मोदी र गृहमन्त्री अमित शाहको अगुवाईमा गोर्खाहरूका लागि संविधानभित्रै स्थायी राजनीतिक समाधान सुनिश्चित गरिने दाबी गर्नुभयो। चिया बगान श्रमिकहरूको विषय बारे बताउनुहुँदै उहाँले असममा उच्च तलब र विभिन्न सुविधा दिइएको उल्लेख गर्दै आसममा पुनः भाजपाले सत्ता पाए दैनिक ज्याला ४५० रुपैयाँ पुर्‍याइने बताउनुभयो। उहाँले अवैध आप्रवासन र सीमा सुरक्षाको विषय उठाउँदै भाजपा सरकारले सीमा फेन्सिङ र घुसपैठ नियन्त्रण गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो। यसको साथै, उत्तर बंगालमा एम्स, आईआईटी, आईआईएम तथा क्यान्सर अस्पताल स्थापना गरिने अनि दार्जिलिङलाई प्रमुख पर्यटन केन्द्र बनाउने योजना रहेको श्री हेमन्त विस्व सर्माले बताउनुभयो। महिलाहरूलाई मासिक तीन हजार रुपियाँ सहयोग, युवाहरूलाई रोजगार र बेरोजगारलाई आर्थिक सहयोग दिइने वाचा गर्दै उहाँले कालेबुङका मतदाताहरूलाई भाजपा उम्मेदवार भारत क्षेत्रीलाई समर्थन गर्ने आह्वान गर्नुभएको छ।***

**प्रधानमंत्री-संबोधन**

प्रधानमंत्री नरेन्द्र मोदीले आज राती आठ बजेर ३० मिनटमा राष्ट्रलाई संबोधित गर्नुहुनेछ। महिला आरक्षणसित जुड़ेका संविधान संशोधन विधेयक स्वीकार नभएको एक दिन पछि प्रधानमंत्रीले यो संबोधन गरिरहनुभएको हो। विपक्षी दलहरुद्वारा समर्थन प्राप्त भएको कारण आरक्षण विधेयक दुइ तिहाई बहुमत प्राप्त गर्नमा असफल रह्यो। यसकारण लोकसभामा यसलाई पारित गर्न सकिएन। परिसीमन अर्थात डीलिमिटेशनको माध्यमबाट महिलाहरुकालागि आरक्षण लागू गर्नसित जड़ित प्रस्तावित कानून लामो बहस पछि पारित हुन सकेन।

**बजेट सत्र - अनिश्चित कालका लागि स्थगित**

संसदका दुवै सदनको कार्यवाही आज अनिश्चित कालको लागि स्थगित गरिएको छ। यससँगै, २८ जनवरीमा सुरु

भएको बजेट सत्र समाप्त भएको छ। लोकसभामा आफ्नो समापन सम्बोधनमा,अध्यक्ष ओम बिर्लाले बजेट सत्रको अवधिमा निर्धारित कार्यको ९३ प्रतिशत काम सम्पन्न भएको बताउनु भएको छ। उहाँले सदनमा कुल ३१ बैठकहरू भएको उल्लेख गर्नु भयो। राज्यसभामा आफ्नो समापन सम्बोधनमा, अध्यक्ष सी.पी. राधाकृष्णनले समग्रमा सदन १५७ घण्टाभन्दा बढी समयसम्म सञ्चालन भएको र निर्धारित कार्यको लगभग ११० प्रतिशत काम सम्पन्न भएको बताउनु भयो। उहाँले बजेट सत्र तीन संसदीय सत्रहरूमध्ये विशेष महत्वको रहेको बताउनु भयो, किनकि यो तीनमध्ये सबैभन्दा लामो मात्र नभई राष्ट्रको विकासको मार्गचित्रण गर्न पनि सबैभन्दा महत्त्वपूर्ण छ। उहाँले सदस्यहरूको बहुमूल्य विचारहरुको लागि प्रशंसा गर्नु भयो, जसले सदन भित्र भएका छलफलहरूलाई समृद्ध बनायो। श्री राधाकृष्णनले यस सत्रमा मनोनित सदस्य हरिवंश तेस्रो पटक राज्यसभाको उपसभापतिको रूपमा निर्वाचित भएको उल्लेख गर्नु भयो। सभापतिले सदनलाई यस सत्रको क्रममा प्रधानमन्त्री नरेन्द्र मोदीले पश्चिम एसियामा द्वन्द्व र भारतले सामना गरिरहेका चुनौतीहरू - विशेष गरी यसको ऊर्जा आवश्यकताहरू पूरा गर्ने - बारे वक्तव्य दिनुभएको जानकारी गराउनु भयो।

**खरसाङ भाजपा कार्यलय छापा**

भारतीय निर्वाचन आयोग (ECI) को टोलीले आज खरसाङको धोबीखोलामा रहेको भारतीय जनता पार्टी (बीजेपी) को निर्वाचन कार्यालयमा अचानक छापा मार्‍यो। छापाका क्रममा महिला मतदाताहरूलाई ३,००० रुपैयाँ दिने प्रलोभन देखाइएका प्रचार सामग्री तथा फारमहरू बरामद गरिएको छ। बरामद फारमहरूमा महिलाहरूको नाम, ठेगाना र अन्य व्यक्तिगत विवरण भर्ने ढाँचा रहेको र सोसित ३,००० रुपैयाँ वितरणको उल्लेख गरिएको पाइएको छ। निर्वाचन आयोगका अधिकारीहरूले यसलाई आदर्श आचारसंहिता (Model Code of Conduct) को गम्भीर उल्लङ्घन भएको ठहर गरेका छन्। मतदानको केही दिनअघि नै यस प्रकारको सामग्री फेला पर्नु अत्यन्त गम्भीर विषय मानिएको छ। निर्वाचन आयोगले थप अनुसन्धान जारी राखेको बताइएको छ।

**भागोप्रामो-मिरिक**

भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चाले आज मिरिकमा परिवर्तन यात्राको साथमा चुनावी जनसभाको आयोजना गरेको छ। खरसाङ विधानसभा समष्टिको लागि भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चाको उम्मेद्वार अमर लामाको पक्षमा चुनाव प्रचार गर्न मिरिकमा परिवर्तन यात्राको साथमा चुनावी जनसभाको आयोजना गरिएको थियो।

***आजदेखि परिवर्तन यात्राको नाम लिएर मिरिकबाट भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चाले रैली शुरु गरेको छ। मिरिकमा सर्वप्रथम भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चाले चुनाव घोषणा पत्र जारी गरेको छ। यो चुनावी घोषणा पत्र भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चाको केन्द्रीय संस्थापक अध्यक्ष एवं जीटीए प्रमुख अनित थापा र पार्टीको केन्द्रीय महासचिव एवं खरसाङ विधानसभा समष्टिको उम्मेद्वार अमर लामाले संयुक्त रुपमा जारी गरेका हुन्। त्यसपछि मिरिकको थर्बु बाईपासदेखि परिवर्तन यात्राको नाम गरेर रैलीको आयोजना गरिएको थियो। यस रैलीले मिरिक बजार परिक्रमा गर्दै पछि बाट मिरिक बजारमा चुनावी जन सभामा परिणत भयो। चुनावी जनसभापछि पत्रकारहरुलाई सम्बोधन गर्दै भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चाको केन्द्रीय संस्थापक अध्यक्ष अनित थापाले यसपाली भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चाले तीनवटै विधानसभा सिट जित्ने दावी गरेका छन्। उहाँले यसपाली पहाडमा चुनावी माहोल एकदमै राम्रो रहेको र चुनावलाई जनताले उत्सवको रूपमा लिएको र सबैजना भोट हाल्न उत्साहित रहेको पनि बताएका छन्।***

**उत्तम कुमार-मिरिक**

खर्साङ  विधानसभा क्षेत्रका  कांग्रेस पार्टी पर्यवेक्षक उत्तम कुमार शर्माले आज मिरिकमा पत्रकार सम्मेलनको आयोजना गर्दै  यस पटक पश्चिम बंगालमा परिवर्तन निश्चित रहेको अनि राज्यमा  कांग्रेसले सरकार बनाउने  दाबी गर्नुभएको छ।उहाँले भन्नुभयो , राज्यका जनता परिवर्तनको पक्षमा छन् किन भने तृणमुल कांग्रेसले 15 बर्षमा आम जनताको लागि केही गर्न सकेन।उनले ५० को दशक देखि ८० को दशक सम्म पश्चिम् बंगाल राज्यमा कांग्रेसको सरकार हुँदा स्वर्निण युग रहेको र यसलाई फर्काई ल्याउन  राज्यका जनताले निर्णय गरिसकेको र  यस पटक पश्चिम बंगालमा नयाँ युग शुरु हुने र कांग्रेसको  सरकार गठन हुने निश्चित रहेको  दाबी गर्नु भएको छ।

**********